# ओखलढुंगा कृषि गतिविधि बुलेटिन

"कृषि मुलश्य जीवनम"

वर्ष २ | अङ्क ३ | असार महिना-२०७९


**प्रकाशन मण्डल**

**संरक्षक**

हेम बहादुर आले मगर
(निमित्त कार्यालय प्रमुख)

**प्रधान सम्पादक**

श्री गणेश अधिकारी खत्री
(कृषि अर्थ विज्ञ)

**सम्पादन मण्डल**

श्री मुना बस्नेत
(वागवानी विकास अधिकृत)

श्री टिकाराम बानियाँ
(अधिकृत छैटौ)

बालकृष्ण श्रेष्ठ
(लेखा अधिकृत)


## सम्पादकिय

नेपाल कृषिप्रधान देश हो जहाँ कृषि पेशामा संलग्न जनसंख्या ६०.४ प्रतिशत रहेका छन्।देशको कुल गार्हथ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान २५.८३ प्रतिशत रहेको छ ।संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना संगै आ.व. २०७५/०७६ मा प्रदेश अन्तर्गत रहने गरि कृषि ज्ञान केन्द्रको स्थापना भएको हो ।सोहि अनुसार कृषि ज्ञान केन्द्र ओखलढुंगा स्थापना भई ओखलढुंगा जिल्लाका आठै स्थानीय तहमा कृषि व्यवसाय प्रवर्द्धनका कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ब्लक विकास कार्यक्रमको अलवा कृषक लक्षित विभिन्न कर्यक्रम संचालन गर्दै आएको सर्वविधितै छ । कार्यालयबाट संचालन हुने विभिन्न कार्यक्रमकोबारेमा जानकारी दिन तथा नागरिकको सुचनाको हकलाई सम्मान गर्दै २०७७ साल भाद्र महिनाबाट यस कार्यालयले मासिक रुपमा प्रकाशन सुरु गरेको कृषि बुलेटिनलाई पाठकहरुको सल्लाह सुझाबलाई समेटेर यस वर्षबाट चौमासिक रुपमा "ओखलढुंगा कृषि गतिविधि बुलेटिन" प्रकाशन गर्न थालीएको थियो र हाल यस आर्थिक वर्षको अन्तिम बुलेटिन प्रकाशनमा आएको छ ।

ओखलढुंगा जिल्ला भौगालिक दृष्टिकोणले विकट भएतापनि विभिन्न फलफुल तथा अन्नबालीको प्रचुर सम्भावना बोकेको जिल्ला हो ।विशेष गरि देशभर रासायनिक विषादीको अत्याधिक प्रयोग र यस बाट मानव स्वास्थमा प्रतिकुल असर देखिएको सन्दर्भमा यस जिल्लामा रासायनिक विषादीको न्यून प्रयोग तथा प्राङ्गारिक तवरबाट कृषि उत्पादन भईरहेकोले प्राङ्गारिक उत्पादनबाट राम्रो प्रतिफल लिन सकिने सम्भावना रहेको छ ।मध्य पहाडी जिल्लामा सुन्तलाजात फलफुलको प्रवर्द्धनलाई कृषि सम्बद्ध विभिन्न ऐन, नीति तथा कार्यक्रमले प्राथमिकता दिएको हुदा सोहि बमोजिम स्थानीय सम्भाव्यताको समेत मुल्यांकन गर्दा यस जिल्लामा सुन्तलाजात फलफुलको प्रचुर सम्भावना महशुस गरि विगतका वर्षहरु सुन्तलाजात फलफुल बगैचा सुदृढिकरण, व्यवसायिक फलफुल बगैचा स्थापना सहयोग जस्ता कार्यक्रम संचालन हुदै आएकोमा यस वर्षबाट सुन्तलाजात फलफुल ब्लक विकास कार्यक्रम समेत संचालनमा आएको छ ।कृषकहरुलाई एकिकृत गर्दै कृषि उत्पादनमा पुरानो ज्ञानको उचित संरक्षण साथै नयाँ प्रविधि र ज्ञानको प्रयोग गरियो भने कृषि मार्फत देशको आयातमुखी अर्थतन्त्रमा परिवर्तन गर्न सकिने यथेष्ट सम्भावना रहेको छ ।


**प्रकाशक**

प्रदेश सरकार
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र ओखलढुङ्गा**
प्रदेश नं.१
कर्यक्षेत्र: ओखलढुङ्गा



टोल फ्रि नं. १६६००३७५२०००
फोन नं. ०३७-५२०१३०
ईमेल ठेगाना: akcokhaldhunga@gmail.com


## यस भित्र


१. तेश्रो चौमासिक तथा वार्षिक भारित तथा वित्तिय प्रगति विवरण.....................
२. अनुदान कार्यक्रम संचालन तथा उपलब्धि.....................
३. स्थानीय तहका प्राबिधिकसंग मासिक समन्वय तथा तथ्यांक अध्यावधिक बैठक सम्पन्न.........
४. स्कूल हार्टिकल्चर तालिम.....................
५. जैविक तथा बानास्पतिक बिषादी प्रयोग बिस्तार कार्यक्रम(कृषि विकास कार्यक्रम)...............
६. विभिन्न स्थानहरुमा प्लान्ट क्लिनिक संचालन.....................
७. मुख्य मुख्य बालीको उत्पादन स्थिति.....................
८. जिल्ला बाहिर निकासी भएको बालीवस्तु विवरण.....................
धान बालीमा देखिएका मुख्य रोग किरा र तिनको व्यवस्थापन.....................

## १. तेश्रो चौमासिक तथा वार्षिक भारित तथा वित्तिय प्रगति विवरण

कृषि ज्ञान केन्द्र,ओखलढुंगाबाट आ.व.०७८/७९ को स्विकृत वार्षिक कार्यक्रम अनुसार तेश्रो चौमासिक अवधिको लक्ष्य अनुसार कार्यालयबाट संचालन तथा सम्पादन गरिने अनुदान कार्यक्रमहरु संचालनमा आएका थिए ।साथै यस कार्यालयबाट चालु आ.व. २०७८/०७९ मा सम्पादित कृयाकलापहरुबाट तेश्रो चौमासिक अवधिमा र वार्षिक अवधिमा भए गरेका भारित तथा वित्तिय प्रगति निम्न तालिका नं. १,२,३ र ४ बमोजिम रहेको छ ।

**तालिका नं. १**

**तेश्रो चौमासिक भारित प्रगति**

| बजेट शिर्षक नं | कार्यक्रम / आयोजनाको नाम | बार्षिक विनियोजित बजेट (रु हजारमा) | तेश्रो चौमासिक विनियोजित बजेट (रु हजारमा) | भारित लक्ष्य | भारित प्रगति | भारित प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३१२०१०१७ | प्रदेश कार्यक्रम (कृषि विकास निर्देशनालय) | ४०९२० | १२५३९ | ३०.६४ | २८.६३ | ९३.४२ | |
| ३१२९११२० | कृषि विकास रणनीति कार्यक्रम | २०० | ५० | २५.०० | २५.०० | १००.०० | |
| ३१२९११२१ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | १३००० | ५०७० | ३९.५२ | ३९.५२ | १००.०० | |
| ३१२९११२२ | संघ शसर्त अनुदान कार्यक्रम | १४५० | २०० | १३.८० | ०.०० | ०.०० | |
| **जम्मा** | | ५५५७० | १७८५९ | १०८.९६ | ९३.१५ | २९३.४२ | |

**तालिका नं. २**

**तेश्रो चौमासिक वितिय प्रगति**

| बजेट शिर्षक नं | वार्षिक विनियोजित बजेट | | | तेश्रो चौमासिक बजेट | | | प्रथम चौमासिक खर्च | | | चौमासिक बजेटको तुलनामा खर्च% |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा | |
| ३१२०१०१७ | ३९४२० | १५०० | ४०९२० | १२५३९ | ० | १२५३९ | १०३०५ | ०.०० | १०३०४.९२ | ८२.१८ |
| ३१२९११२० | २०० | ० | २०० | ५० | ०.० | ५० | ५० | ०.० | ५० | ९९.०० |
| ३१२९११२१ | १३००० | ० | १३००० | ५०७० | ०.० | ५०७० | ५०७०.०० | ०.० | ५०७० | १००.०० |
| ३१२९११२२ | १४५० | ० | १४५० | २०० | ०.० | २०० | ० | ०.० | ० | ०.०० |
| **एकमुष्ट** | ५४०७० | १५०० | ५५५७० | १७८५९ | ० | १७८५९ | १५४२५ | ० | १५४२४.९२ | |

**तालिका नं. ३**

**वार्षिक भारित प्रगति**

| बजेट शिर्षक नं | कार्यक्रम / आयोजनाको नाम | बार्षिक विनियोजित बजेट (रु हजारमा) | भारित लक्ष्य | भारित प्रगति | भारित प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| ३१२०१०१७ | प्रदेश कार्यक्रम (कृषि विकास निर्देशनालय) | ४०९२० | १००.०० | ८९.८० | ८९.८० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१२९११२० | कृषि विकास रणनीति कार्यक्रम | २०० | १००.०० | १००.०० | १००.०० | |
| ३१२९११२१ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | १३००० | १००.०० | १००.०० | १००.०० | |
| ३१२९११२२ | संघ शसर्त अनुदान कार्यक्रम | १४५० | १००.०० | १०.३५ | १०.३५ | |
| **जम्मा** | | ५५५७० | ४०० | ३००.१५ | ३००.१५ | |

| **तालिका नं. ४** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वार्षिक वित्तीय प्रगति** | | | | | | | |
| बजेट शिर्षक नं | वार्षिक विनियोजित बजेट | | | खर्च | | | वार्षिक बजेटको तुलनामा खर्च% |
| | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा | |
| ३१२०१०१७ | ३९४२० | १५०० | ४०९२० | ३२५२१.८९ | १३८६.११ | ३३९०८ | ८२.८६ |
| ३१२९११२० | २०० | ० | २०० | १९७.९ | ०.० | १९८ | ९८.९३ |
| ३१२९११२१ | १३०००.० | ०.० | १३०००.० | १११५६.८ | ०.० | १११५६.८ | ८५.८ |
| ३१२९११२२ | १४५० | ० | १४५० | १४१.८ | ०.० | १४२ | ९.७८ |
| **एकमुष्ट** | | ५४०७० | १५०० | ५५५७० | ४४०१८.३९ | १३८६.११ | ४५४०४.८ |

## २. अनुदान कार्यक्रम संचालन तथा उपलव्धि

कृषि ज्ञान केन्द्र ओखलढुंगाको चालु आ.व. २०७८/०७९ को कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यक्रम र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना नयाँ र पुरानो ब्लक विकास कार्यक्रम कार्यान्वयन भई निम्नअनुसारका उपलव्धि र प्रतिफलको अपेक्षा गरिएको छ ।

### I. कागती खेती मिसन कार्यक्रम

३६ रोपनी भन्दा बढी क्षेत्रफलमा कागती खेति प्राविधिक तवरबाट रोपी बगैंचा क्षेत्र विस्तार भएको छ । उक्त क्षेत्रमा ९ वटा सिंचाई पोखरी निर्माण तथा उत्पादन प्रवर्द्धनका अन्य पूर्वाधारको व्यवस्थापन भएको छ । वार्षिक रुपमा करिब ५ लाख बराबरको कागती उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ ।



**कागती खेति मिसन कार्यक्रम**





### II. किबी खेती प्रवर्धन कार्यक्रम

१५ रोपनीमा लगाएको किवी बगैंचामा सिंचाई व्यवस्थापन गर्न प्लास्टिक पोखरी निर्माण, बगैचा व्यवस्थापन गर्न सपोर्ट सिस्टम सिमेन्ट पोल निर्माण तथा प्रयोग लगायताका पूर्वधारहरुको व्यवस्थापन गरिएको ।वार्षिक रुपमा करिब ५ लाख बराबरको किबी उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ ।



## किवी खेति प्रवर्द्धन कार्यक्रम





### III. व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग

२.५ हेक्टर क्षेत्रफ़लमा कागती र सुन्तला बगैंचाको क्षेत्र विस्तार भएको छ । उक्त क्षेत्रमा सिंचाईका पूर्वाधार को रुपमा १० वटा पक्कि सिंचाई पोखरी निर्माण गरिएको छ । आगामी ५ बर्ष भित्र करिब १५-२० मे.टन ले फलफुलको बार्षिक उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ ।





व्यवसायिक फलफुल बगैंचा स्थापना सहयोग





### IV. मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम

काउली, बन्दा, गोलभेडा, खोर्सानी लगायतका ताजा तरकारी खेती करिब १ हेक्टर क्षेत्रफलमा भएको । नयाँ थप १९ वटा बाँसको प्लाष्टिक घर निर्माण गरी थोपा सिंचाई प्रविधिको प्रयोग सहित मौसमी तथा बेमौसमी तरकारी खेती उत्पादन गर्न शुरुवात भएको । वार्षिक थप १० मे.टन मौसमी तथा बेमौसमी ताजा तरकारी उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको ।




मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन






### V. युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम

खुल्ला जमिन तथा बाँसको प्लाष्टिक घरभित्र गरी करिब ६.३ हेक्टर क्षेत्रफलमा विभिन्नत जातका ताजा तरकारी खेती गरीएको । नयाँ थप १२६ वटा बाँसको प्लास्टिक घर भित्र थोपा सिंचाई प्रविधि प्रयोग गरी मौसमी तथा बेमौसमी तरकारी खेती गर्न शुरुवात गरेको । ५ युवाले बाँसको टहरा निर्माण गरि अन्य पूर्वधार सामग्री सहित व्यवसायिक रुपमा कन्ये च्याउको उत्पादन शुरुवात गरेको र ५ कृषकले ४० वटा आधुनिक घारमा मौरी पालनको सुरुवात गरेका छन् । वार्षिक रुपमा ३० मे.टन भन्दा बढी थप ताजा तरकारी उत्पादन र कन्ये च्याउ वार्षिक' २ टन र मह बार्षिक रुपमा १ टन उत्पादन हुने अपेक्षा गरिएको ।





युवालक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम



सिद्धिचरण न.पा. ५ सानिटार



चम्पादेवी ९ ओखेनी

## VI. मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम

मकै उत्पादन प्रवर्द्धन गर्नका निमित्त सहयोग हुने यन्त्र उपकरण जस्तै मिनीटिलर, मेज सेलर, कुटानी पिसानी मेसिन, अमेरिकन फौजी किरा व्यवस्थापनको लागि बाली संरक्षण सेवा लगायतका सेवा तथा सामग्री अनुदान सहयोग गरिएको । उक्त कार्यक्रम मार्फत थप १५० मे.टन मकै उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ ।



**मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम**





## VII. गड्यौली मल उत्पादन तथा प्राङ्गारीक मल सुधार कार्यक्रम

करिब ५३ घरधुरी प्रतक्ष लाभग्राही रहने गरि गड्यौली मलको लागि भर्मी बेड निर्माण गरि उतपादन गर्न सुरु गरिएको साथै करिब ५० कृषक घरधुरीले गहुत संकलन तथा भकारो सुधार गरिएको । उक्त क्षेत्रमा अर्गानिक तरकारी उत्पादनमा करिब १५ टनले वृद्धि हुने अपेक्षा गरिएको छ ।

## VIII. रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम (कोदो फापर जौ आदि)

कोदो, जौ, फापर, स्थानीय मकै लगायतका रैथानेबालीको उत्पादनमा प्रवर्द्धन गर्न थ्रेसर, बजारीकरणको लागि प्याकेजीङ्ग, लेभलिङ्ग, ब्राण्डीङ्ग को निमित्त अनुदान सहयोग प्रदान गरिएको । करिब ९ टन रैथानेबालीको पिठो बजारमा ट्याग सहित बिक्रि वितरण हुने र उत्पादन वृद्धिमा प्रोत्साहन हुने अपेक्षा गरिएको छ ।

रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रको झलक





43

## IX. अदुवा मिसन कार्यक्रम

अदुवा बालीको क्षेत्रफल विस्तार भई उत्पादन र उत्पादकत्व बृद्धिहुने साथै अदुवामा लाग्ने प्रमुख रोग गानो कुहिने रोगको व्यवस्थापन हुने साथै अदुवा भन्डारण व्यवस्थित भएको हुदा बीउ खरिद गर्न अन्य ठाउँमा जान नपर्ने अध्यायन अवलोकन भ्रमण गरि खेति प्रविधिको अनुसरण गरि उत्पादनमा बृद्धिहुने ।

## X. सघन वाली विकास आयोजना (धान, मकै गहुँ)

मुल बीउ तथा उन्नत वीउ विजनमा सहयोग प्राप्त भएकोले उत्पादनमा बृद्धि हुने । सिंचाईका पुर्वधारमा सहयोग प्राप्त भएको हुदाँ बाली सघनतामा वृद्धि हुने साथै कृषि यन्त्र उपकरणहरुमा सहयोग बाट उत्पादन लागत घट्ने । विभिन्न जातका मुल तथा उन्नत वीउ विजन बाट उत्पादन प्रर्दशबाट रोग किरा सहन सक्ने तथा उत्पादन बढि हुने जातको छनौट गर्न सहज हुने हुदाँ उत्पादनमा बृद्धी हुने ।

सघन बाली विकास कार्यक्रम

सूनकोशी गा.पा.३, सिस्नेरी क्षेत्र



## XI. नमुना कृषि फार्म स्थापना सहयोग

निर्वाहामुखी कृषकहरुलाई व्यवसायिक कृषकमा रुपान्तरण गरी तरकारी उत्पादनमा उत्पादकत्व बृद्धि हुने,युवा वर्गलाई कृषि पेशामा आकर्षण गराई स्थानिय स्तरमा रोजगारीको सृजना हुने नया प्रविधिको प्रयोग मार्फत खेती पद्धति अबलम्बन हुने हुदाँ नयाँ नयाँ रोग तथा किराहरु रोगथाम हुने बेमौसममा पनी सहजै संग तरकारी उत्पादन गर्न सकिने ,४ वटा नेचुरल्ली भेन्टिलेटेड ग्रिनहाउस सिंचाई पूर्वधारहरु निर्माण गरी गोलभेडा,काँक्रा, काउली, बन्दा लगायत विभिन्न जातको ताजा तरकारी उत्पादन गर्न थालिएको ।



नमुना कृषि फर्म स्थापना सहयोग कार्यक्रम

## XII. पुरानो ब्लक विकास कार्यक्रमको निरन्तरता (अन्य)

आलु ब्लक सुनकोशी गा.पा. ५,९ : सुनकोशी गा.पा. ९ मा ८ वटा समूहमा कार्यक्रम संचालन भई ३ वटा सिंचाई ट्यांक र २ प्लाष्टिक पोखरी निर्माण गरिएको तथा मुहानबाट बारीसम्म पाईप मार्फत सिंचाई हुने व्यस्था मिलाईएको ।यसबाट करिब ६० घरधुरी लाभान्वित हुने अपेक्षा गरिएको । करिब २.५ टन उन्नत आलुको बिउ रोपीएको । करिब १०० टन आलु उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको । आलु ब्लक चम्पदेवी -१ : २५ हजार लिटर क्षमताको दुई सिंचाई पोखरी निर्माण गरिएको जसबाट करिब ३० घरधुरी लाभान्वित हुने अपेक्षा गरिएको छ । ३००० दाना पुर्व मूल बिउ साथै करिब ४ मे.टन उन्नत आलु बिउ रोपिएको र उक्त क्षेत्रमा आलु उत्पादनमा करिब २०० टनले वृद्धि हुने अपेक्षा गरिएको छ । आँप ब्लक सुनकोशी -१: बिसहजार लिटर क्षमता भएका ६ वटा सिंचाई पोखरी निर्माण गरि आँपको लागि सिंचाईको व्यवस्था गरिएको ।कार्यक्रम संचालन अवधिमा करिब ८ हजार विरुवा रोपिएको र आगामी ५ वर्षमा १३० टन आँप उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको । प्लाष्टिक घरमा तरकारी खेति ब्लक विकास कार्यक्रम मोलुङ्ग-५ : थप ५० प्लाष्टिक टनेलमा तरकारी खेति गरिएको, साना सिंचाई पूर्वाधार जस्तै स्प्रिंकल, थोपा सिंचाई लगायतको व्यवस्था गरिएको, माटो सुधारको लागि माटो शिविर संचालन गरि कृषि चुनको प्रयोग गरिएको साथै कृषि यन्त्रीकरण प्रवर्द्धन गर्न मिनीटिलर खरिद तथा प्रयोग गरिएको ।कार्यक्रम संचालन भएको क्षेत्रबाट वार्षिक करिब ४० लाख बाराबरले ताजा तरकारी उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ ।



निरन्तरता आलु ब्लक विकास कार्यक्रम

चम्पादेवी गा.पा. १, पलापु क्षेत्र



## XIII. नयाँ ब्लक विकास कार्यक्रमको निरन्तरता (अन्य)

<u>सुन्तलाजात ब्लक विकास कार्यक्रम सिद्धिचरण न.पा.३</u> : थप २० हे. जमिनमा थप नयाँ सुन्तलाको विरुवा रोपीएको । सिंचाईको लागि करिब २ लाख लिटर क्षमताको आर.सि.सि. सिंचाई पोखरी निर्माण गरिएको जसबाट करिब ५० घरधुरी लाभान्वित हुने । ५ वर्ष पछी सुन्तलाको उत्पादनमा करिब ६० मे.टनले वृद्धि हुने अपेक्षा गरिएको । <u>मकै ब्लक विकास कार्यक्रम चिसंखुगढी -४</u> : मनकामना-३ जातको मूल बिउ २०० के.जी. र उन्नत विउ ३००० के.जी. रोपीएको र उत्पादन वृद्धिको निम्ति माटो परिक्षण शिविर संचालन गरि माटो उपचार गरिएको, मिनीटिलर, कर्न सेलर लगायतका यन्त्रउपकरण खरिद तथा प्रयोगमा ल्याईएको । सिंचाईको निमित्त ३० हजार लि. भन्दा बढी क्षमताका दुई आर.सि.सि. पोखरी निर्माण गरिएको । मकैको बिउ करिब २४ मे.टन उन्नत बिऊ उत्पादन हुने साथै करिब २०० मे.टन. ले खायन मकै उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ । <u>आलु ब्लक विकास कार्यक्रम चम्पदेवी-५</u> : २० हजार लि. भन्दा बढी क्षमताको आर.सि.सि. सिंचाई पोखरी संख्या ५ निर्माण गरि सिंचाईको व्यवस्था गरिएको । आलु उत्पादन वृद्धि गर्न करिब १५ हे. क्षेत्रफलमा उन्नत आलु उत्पादन गरिएको ।आलु बिउ भण्डारणको लागि करिब १५ मे.टन क्षमताको रस्टिक स्टोर निर्माण गरिएको । उक्त क्षेत्रमा आलु उत्पादन करिब १२० मे.टन ले वृद्धि हुने अपेक्षा गरिएको छ ।

नयाँ आलु ब्लक विकास कार्यक्रम

चम्पादेवी गा.पा.५ क्षेत्र




## ३. स्थानीय तहका प्राबिधिकसंग मासिक समन्वय तथा तथ्यांक अध्यावधिक बैठक सम्पन्न

जिल्लाको कृषि सम्बन्धी तथ्यांकलाई नियमित अध्यावधिक गर्न आ.व.०७८/७९ को लक्ष्य अनुसार जिल्लामा रहेका स्थानीय तहमा कार्यरत् प्राबिधिकसँग मासिक समन्वय तथा तथ्यांक अध्यावधिक बैठक छ पटक संचालन भै सम्पन्न भएको छ । उक्त बैठकमा स्थानीय तह कृषि विकास शाखाले स्थानीय तहमा संचालित कार्यक्रमको बारेमा छलफल, क्रप कटिङ गरि उत्पादन तथा उत्पादकत्व लिईएको तथ्यांक सम्बन्धि छलफल, स्थानीय तहमा अनुदान कार्यक्रम अन्तर्गत संचालन भएका बालीहरुको कृषि बिमा गर्न अधिकतम पहल गर्ने लगायतका विभिन्न विषयमा छलफल तथा निर्णय भई बैठक सम्पन्न भएका थिए । स्थानीय तहका कृषि प्राविधिकहरुसंग समन्वय गरि ज्ञानकेन्द्रबाट र स्थानीय तहबाट संचालन हुने कार्यक्रम कार्यान्वयन र अनुगमनमा सहजीकरण गर्न सहज भएको । अनुदानग्राहीमा दोहोरोपना आउन नदिन अनुदानग्राहीको विवरण आदानप्रदान गर्ने गरिएको । समसामयिक कृषि सम्बद्ध समस्याहरुमा छलफल तथा आवश्यक सहयोग आदानप्रदान गर्न सहज हुने गरेको छ ।

## ४. स्कूल हार्टिकल्चर तालिम

ओखलढुंगा जिल्लाको विभिन्न माध्यमिक विद्यालयमा करिब १९३ विद्यार्थीको सहभागीतामा बागवानीको बारेमा जानकारी तथा पोषण सुरक्षा संगको सम्बन्ध, करेसाबारी खेति र व्यवस्थापन , घरबगैचा व्यवस्थापन, जैविक विषादीको तयारी लगायत विषयमा जानकारी प्रदान गरिएको । उक्त कार्यक्रममा सहभागीहरु वागवानीजन्य वस्तुको उत्पादनमा प्रेरित हुने, करेसाबारीको विकास गरि खाद्य तथा पोषण सुरक्षामा योगदान पुगी स्वास्थ बनिको विकास हुने अपेक्षा गरिएको छ ।



## ५. जैविक तथा बानास्पतिक बिषादी प्रयोग बिस्तार कार्यक्रम(कृषि विकास कार्यक्रम)

सुरक्षित बिषादी प्रयोग र जैबिक बिषादी प्रयोग तथा झोलमल बनाउने सम्बन्धि तालिमबाट यस वर्ष ११२ घरधुरी कृषकहरु लाभान्वित भएका छन् । तालिम पश्चात विषादी निर्माण ड्रम, EM, स्प्रेयर, विषादी छर्ने सूरक्षित पोशाक र बीउविजन लगायतका सामाग्रीहरु वितरण गरिएको छ । यस कार्यक्रमबाट बानस्पतिक विषादी तथा झोल मल प्रयोग विस्तार भई रासायनिक विषादी प्रयोगमा न्यूनिकरण हुने अपेक्षा गरिएको छ ।

**जैविक तथा वनस्पतिक विषादी प्रयोग तथा विस्तार कार्यक्रम**







## ६. विभिन्न स्थानहरुमा प्लान्ट क्लिनिक संचालन

यस आर्थिक वर्ष २०७८/०७९को अवधिमा लक्ष्य अनुसार **Plant Clinic** (बाली उपचार शिविर) पाँचवटा संचालन भएको छ । मानेभन्ज्याङ गा.पा. ५ , मोलुंग गा.पा. ५, मोलुंग २ र सिद्धिचरण नगरपालिका ७ मा बालि उपचार शिविर संचालन भएको । उक्त क्लिनिकबाट जम्मा २२५ कृषक घरधूरी लाभान्वित भएका थिए। रोगी बाली विरुवाको ५५६ वटा नमूना परीक्षण गरी कृषकहरुलाई बाली संरक्षण तथा रोग किरा व्यवस्थापन सम्बन्धि प्राविधिक परामर्श सेवा प्रदान गरिएको । तरकारी बालीको डयामपिङ अफ, सेतो ढुसी, लाही किरा, टुटाको प्रकोप साथै फलफुल बालीको औसा लगायतका बालीमा देखिएको रोग किराको प्रकोप नियन्त्रण भई बाली उत्पादन वृद्धि हुने अपेक्षा गरिएको ।





## ७. मुख्य मुख्य बालीको उत्पादन स्थिति

यस वर्ष मकै खेतीको लागि उपयुक्त वातावरण र अमेरिकन फौजी किराको प्रकोप समयमै नियन्त्रण गर्न सकिएको हुँदा उत्पादनमा केहि वृद्धि भएको छ । धानबालीमा बेमौसमी वर्षाको कारण केहि क्षति भएको कारण उत्पादनमा केहि कमि भएको छ ।यस वर्ष उपयुक्त मौसम रहेकोले वर्षे तथा बुङ आलु उत्पादन राम्रो रहेको थियो । मुख्य मुख्य बालीहरुको उत्पादन विवरण तपसिल अनुसार रहेको छ ।

| क्र.सं. | बालीको नाम | आ.व.०७८/७९ | |
|---|---|---|---|
| | | क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) |
| १ | धान चैते | २४५ | १,०१५ |
| २ | धान वर्षे | ४४०३ | १२८१२.७ |
| ३ | मकै | १२४०० | ४०३०० |
| ४ | कोदो | ७७५१ | १६२७७ |
| ५ | फापर | ९३ | ७५.३३ |
| ६ | गँहु | २१४५ | ३३३० |
| ७ | जौ | ८० | ११२ |
| ८ | **खाद्यान्नको जम्मा (१-७)** | **२७,११७** | **७३,९२२.१** |
| ९ | वर्षे फलफूल | ११३.५ | ३१० |
| १० | सुन्तलाजात | ३२७.३ | ९५३ |
| ११ | हिउँदे फलफूल | १०० | ५४८ |
| १२ | अलैची | ३० | २८ |

## ८. जिल्ला बाहिर निकासी भएको बालीवस्तु विवरण

ओखलढुंगा जिल्लाबाट यस आर्थिक वर्षमा बुङ तथा वर्षे आलु र अलैची, किवी लगायतका वलीहरु निम्नानुसार निर्यात भै जिल्लामा आर्थिक आम्दानी भित्रिएको छ । विशेष गरी यस जिल्लाको आलु धनुषाको गोदार र सबेला निर्यात हुने आलु व्यापारीहरुको भनाई रहेको छ ।

**आ.व.२०७८/७९ मा जिल्ला बाहिर निकासी भएको मुख्य कृषि वस्तुहरु**

| क्र.स. | बाली | निकासी परिमाण (मे.टन) | मुल्य (रू हजारमा) |
|---|---|---|---|
| १ | बुङ्ग आलु | २५० | १५००० |
| २ | वर्षे आलु | २५० | १२५०० |
| ३ | अकबरे | ५ | १५०० |
| ४ | किवी | ०.८ | २४० |
| ५ | अलैची | ६ | ६००० |
| ६ | राज्मा | १८ | २२०० |
| ७ | स्थानीय सिमी | ७ | १८०० |
| ८ | कालो मास | ३ | ६०० |
| **जम्मा** | | **५४०** | **३९८४०** |






# धान बालीमा देखिएका मुख्य रोग किरा र तिनको व्यवस्थापन

**रोगहरु :**

| रोगको नाम | लक्षण | व्यवस्थापन विधि |
|---|---|---|
| **ब्लास्ट रोग**<br> | पातमा स-साना सेता टिका बीचमा भएका लम्चीला खैरा थोप्ला देखा पर्दछन ।बाला देखि तलको डाँठको वरीपरी वा आख्लामा खैरो रङ्ग भएको दाग पनी देखिन्छन ।<br> | • रोग निरोधक जातहरु लगाउने ।<br>• कार्बेन्डाजिम ५०%WP (जस्तै बेभिष्टिम वा डोरोसाल) २-३ ग्राम /के.जी. का दरले बिउ उपचार गरी ब्याड राखे ।<br>• सिफारिस अनुसार मात्र नईट्रोजन मलको प्रयोग गर्ने ।<br>• खेतमा पानी जमाई राखे ।<br>• प्राविधिकको सिफारिसमा ट्राइसाईकाजोल ७५% WP(जस्तै बान,लोजीक,ट्रिप) ०.७५ ग्राम/लिटर वा सुगामाईसिन ३% SL(जस्तै कासु-बी,किमाईसिन) १.५ मि.लि./लिटर पानी वा हेक्जाकोनाजोल ५%EC (जस्तै एभोन,कम्फोर्ट,हेक्जाप्रस) २ ग्राम प्रति लिटर वा क्रेसोक्जिम मिथाइल ४४.३ SC(जस्तै इर्जोन) १ मि.लि./लिटर पानीमा मिसाई १५ दिनको फरकमा २-३ पटक छर्ने । |
| **ब्याक्टेरियल लिफ ब्लाईट** | पातको किनारबाट लामो पहेला वा खैरा रङ्गका धर्षाहरु देखिन्छन,पात टुप्पोबाट सुकेर जान्छ ।<br> | • रोग निरोधक जातहरु लगाउने ।<br>• सिफारिस अनुसार मात्र रसायनिक मलको प्रयोग गर्ने ।<br>• रोग लागेको खेतमा केहि दिन पानी सुकाईदिने<br>• स्टेप्टोमाइसिन सल्फेट ९% + टेट्रासाईक्लिन हाईड्रोक्लोराईड १%WP एग्रीमाईसिन-१००,०.२५ ग्राम/लिटर पानीको झोलमा बिउलाई ३० मिनेट सम्म डुबाएर बिउ उपचार गर्ने ।<br>• नजिकैको कृषि शाखा वा ज्ञान केन्द्रमा प्राबिधिकको सल्लाह अनुसार काम गर्ने । |

**किराहरु :**

| किराको नाम | पहिचान | क्षतिको लक्षण | व्यवस्थापन विधि |
|---|---|---|---|
| **धानको पतेरो** | वयस्क पतेरो खैरोमा हिरयो मिसएको हुन्छ भने वच्चा पतेरो हिरयो हुन्छ।यसलाई समातेर विस्तारै थिच्दा नराम्रो गन्ध छोड्छ। | पातमा बढी आक्रमण भएमा वोट नै पहेलिने हुन्छ र वालामा आक्रमण गरेको छ भने दानाहरुमा खैरो दाग देखिने, दानाहरु फोस्रा हुने अथवा आधा फोस्रिएका दाना हुने गदर्छ। | • खेत भित्र तथा वरपरको झारपात गोडमेल गरी पतेरोको वैकिल्पक आश्रयस्थललाई नष्ट गर्ने ।<br>• एकै समय पाक्ने धानका जातहरु छनोट गरी लगाउने।<br>• प्रकाश पासोको माध्यमबाट वयस्क कीरालाई मार्न सकिन्छ।<br>• डर्टी ट्रयापको प्रयोग गर्ने।यसको लगि गाई भैसीको ताजा पिसावमा कपडा वा जुटको वोरालाई भिजाएर एउटा घोचोको एक छेउमा बांध्ने र उक्त घोचोलाई धान बारीको बीचमा लगेर गाड्ने गर्नुपर्दछ।ट्रयापमा |

| | | | |
|---|---|---|---|
| |  | | आकर्षित भएका पतेरोहरुलाई बाहिर पट्टिबाट प्लास्टिकको झोलाले छोपी संकलन गरी मार्ने।<br>• यो कीराको प्रकोप ज्यादा भएमा अन्तिम बिकल्पमा कीटनाशक विषादी जस्तै मालाथियन ५०%EC (जस्तै साइथियन, अनुमालाथियन,सूर्याथियन) २ मिलि प्रतिलिटर अथवा साइपरमेथ्रिन २५% EC (जस्तै अनुकिल, साइपरसीड, के आइसाइपर) वा फेन्भेलेरेट २०% EC (जस्तै अनुफेन, फेनभल, कीफेन) ०.५ मिलि प्रति लीटर पानीका दरले कुनै एक विषादी बिरुवा राम्ररी भिज्ने गरि छर्कनुपर्दछ । |
| **पात बेरुवा** | हल्का खैरो रङ्गका वयस्क पुतली हन्छन। पखेटामा दुईवटा बाङ्गा टिङ्गा धर्षाहरु हुन्छन्। लार्भा हल्का हिरयो रङ्गका हुन्छन्।<br> | पातलाई वेरेर भित्र पट्टि बसी पातको हिरयो पदार्थ खाईदिन्छन् र पात सुक्दछन। | • धान रोप्ने बेलामा स्वास्थ्य र बलिया बेर्नाको प्रयोग गर्ने।<br>• नाईट्रोजनयूक्त मलको उचित प्रयोग गर्ने।<br>• धान खेतको राम्ररी गोडमेल गर्ने।<br>• काँडेदार डोरी लिई दुवै छेउमा समातेर खेतको दुई छेउमा बन्ने र धानलाई छुवाएर त्रमशःविपरित दिशातिर जाने। यसो गनार्ले धानको पातमा रहेका पात वेरुवाका लार्भाहरु पानीमा खसेर नष्ट हुन्छन्।<br>• बि.टी.कुस्टाकी नामक जैविक विषादी १.५ मि.लि. प्रति लिटर पानीमा मिसाई खेतमा छर्कने ।प्रति हेक्टर जमिनमा ५००-६०० लीटर जैविक विषादी र पानीको झोल प्रयोग गर्ने।<br>• प्रकोप बढी भएमा अन्तिम विकल्पको रुपमा बजारमा सिजलैसँग उपलब्ध हुने सम्पर्क विषादी क्लोरपाइरिफस २०% EC (जस्तै डर्सवान, डरमेट,फाइनवेन) १.२५ मिलि/लिटर वा कार्वोसल्फान २५% EC (जस्तै मार्सल)१ मिलि प्रति लिटर, कारटाप हाइड्रोक्लोराइड ४% GR (जस्तै अनुदान, विदान, कीटाप) १ मि. लि. प्रति लिटर वा लाम्डासहोइलोथ्रिन ५% EC (जस्तै एजेन्टप्लस, ब्राभो ५०००, कराते) ०.५ मिलि प्रति लिटर वा अजाडीराक्टीन ०.१५% (जस्तै मल्टीनेमोर, निकोनिम) ३-५ मिलि प्रति लिटर दरले छर्ने। |

**थप जानकारीको लागि कृषि ज्ञान केन्द्र,ओखलढुंगा, टोल-फ्रि नम्बर १६६०३७५२००० वा फोन नं ०३७-५२०१३० मा सम्पर्क गर्न सक्नु हुनेछ ।**




प्रेषक

प्रदेश सरकार
भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र, ओखलढुङ्गा**

प्रदेश नं.१
कार्यक्षत्रः ओखलढुङ्गा
**फोन नं ०३७-५२०१३० वा टोल-फ्रि नम्बर १६६०३७५२०००**
**Email : akcokhaldhunga@gmail.com**

प्रापक

..................................................................

..................................................................